
# दिगु परिसर



मध्यपुर थिमि नगरपालिका वडा नं ११ दिगुटोलस्थित दिगु परिसर थिमिको मुलबाटोमै अवस्थित छ भने यो परिसर करिब थिमिको मध्यभागतिर पर्दछ । विभिन्न सम्पदा र संस्कृतिसँग प्रत्यक्ष सरोकार राख्ने यस परिसर महत्वपूर्ण साँस्कृतिक केन्द्र हो यसल` थिमिको इतिहासमा महत्वपूर्ण स्थान ओगटछ । यस परिसरमा थिमिका अधिकांश बासिन्दाले मान्ने ***दिगुद्यः*** (कूलदेवता) रहेको छ भने उत्तिकै ऐतिहासिक र संस्कृतिले ओतप्रोत दिगु बहाः (हिरण्यवर्ण महाविहार) समेत रहेको छ । हरेक वर्ष ***दिगुपूजा*** (दिवाली) को दिनमा यस मन्दिर परिसरमा भक्तजनहरुको भीड लाग्दछ । यहाँ स्थित दिगुद्यः मन्दिरलाई कूलदेवताको रुपमा पूजा गर्नेहरुमा विभिन्न घरधुरीले दिगुपूजाको ***न्ह्यथु चाः*** (पहिलो पालो), ***दथु चाः*** (बीचको पालो) र ***लिथु चाः*** (अन्तिम पालो) गरी तीन भिन्न समयमा आफ्नो पालो पर्खेर पूजा गर्नुपर्ने प्रचलन रहेको छ । दक्षिण र पूर्व गरी दुईतिर मूलढोका रहेको यस मन्दिरको दक्षिणी ढोका सधैं खुल्ला रहन्छ भने पूर्वी ढोका ***दिगुपूजा,*** विभिन्न अवसर र चाडपर्वमा मात्र खोल्ने गरिन्छ ।

मन्दिर प्रांगणमा विभिन्न सम्पदाहरु रहेका छन् । मन्दिरको दक्षिणतिर ऐतिहासिक डबली रहेको छ भने डबलीमा टाँसेर पश्चिमतिर चारतले सतल बनाइएको छ । उक्त डबलीबाट आग्नेय दिशामा एउटा पाटी (मुल सडकको छेउमा रहेको उक्त पाटी केहि समय अगाडि आवतजावत सहज बनाउन हटाइएको छ ।) र इनार रहेको छ । इनारको आग्नेय दिशामा दुईटा ठूला पोखरीहरु रहेका छन् । यसैको नामबाट यस स्थानको नाम समेत निगूपुखु रहेको छ । यी पोखरीहरुको पश्चिम किनारामा बाटो सँगै एक एक वटा पाटीहरु रहेका छन् । पोखरीको उत्तर पश्चिम कुनामा इनार र यो सँगै ढुंगाले बनेको मन्दिर रहेको छ । यसैगरी पोखरीको पश्चिम भएर गएको थिमिको मुल सडकबाट पश्चिममा पुरानो धर्मधातु चैत्य, मन्दिर सहितको चाकः फल्चाम रहेको छ ।

दिगु भैरव मन्दिरबाट दक्षिणपूर्व कुनातिर नीजिघर मुनी भजनपाटी रहेको छ भने मन्दिरको ठीक पूर्वमा घरमै टाँसेर अर्को पाटी रहेको छ । मन्दिरबाट इशान दिशामा कोकि इनायको मन्दिर रहेको छ । यसै उक्त मन्दिरको पूर्वी भित्तामा टाँसेर सरस्वतीको मूर्ति स्थापना गरिएको छ । दिगु भैरव मन्दिरबाट अलि पर इशान दिशामा थिमिको अर्को महत्वपूर्ण संरचना दिगुवहाः (गुणकीर्ति महाविहार) रहेको छ । दिगु भैरव मन्दिरको ठीक उत्तरतिर दुईवटा मन्दिर रहेको छ भने पश्चिमतिर नारायणको अर्को मन्दिर रहेको छ । यस मन्दिरको पश्चिममा पाटी र पाटीसँगै इनार रहेको छ । दिगु भैरव मन्दिरको दक्षिणपश्चिम दिशामा नीजिघरसँगै टाँसिएको भजन पाटी रहेको छ ।

**क) ऐतिहासिक पृष्ठभूमि**

ऐतिहासिक थिमिभित्र नगर प्रारम्भिक चरणमा निर्माण भएका विशेष महत्व राख्ने थोरै पुरातात्विक सम्पदा मध्ये दिगु भैरव मन्दिर पनि एक हो । मन्दिरको ऐतिहासिक जानकारी दिने यथेष्ट सामग्री प्राप्त हुन नसकेपनि विभिन्न अध्ययनले यो मन्दिरको स्थापनाकाल ने.सं. ६०० तिर नै भैसकेको अनुमान गर्न सकिन्छ । मध्यपुरथिमि बिस्काजात्राको प्रारम्भमा बालकुमारीका प्रतिमाहरुलाई क्वलाखुटोल पुऱ्याउनुपूर्व ***भैलःद्यः सालेगु*** (भैरब भित्र्याउने) भनेर तान्त्रिक विधिपूर्वक पूजाआजा गरेर दिगुभैरबलाई थिमि लायकू भित्र्याउने गरिन्छ । यसैगरी वैशाख २ गतेको दिन थिमिमा संचालन हुने बालकुमारी जात्रालाई मुल सडक हुँदै क्वलाखुदेखि दिगु मन्दिर परिसरसम्म परिक्रमा गराइन्छ । यसबाट बिस्काजात्रा प्रारम्भ हुनुपूर्व नै यस मन्दिरको स्थापना भैसकेको देखिन्छ भने बिस्काजात्रा ने.सं. ६४१ पूर्व नै प्रारम्भ भैसकेको कुरा विभिन्न अभिलेखबाट थाहा भएबाट यस मन्दिरको स्थापनाकाललाई यो भन्दा अगाडि धकेल्दछ । नेसं ७७९ मा दिगु भैरवलाई स्वर्णतोरण चढाएको विवरण मन्दिरमा राखिएको अभिलेखबाट थाहा हुन्छ भने दिगु गणेश मन्दिरनिरको पाटी नेसं ९५४ मा निर्माण गरिएको त्यहि पाटीमा रहेको शिलालेखमा उल्लेख छ ।

मन्दिरको दक्षिणी मोहडाको तल्लो छानाको बनोटले यस मन्दिरको प्राचीनतम् स्वरुपबारे केही सूचना दिन्छ। दोस्रो छाना माथि बीच पारेर आकर्षक गजूर राखिएको छ भने पहिलो छानाको दक्षिणी मोहडाको पूर्व र पश्चिमतिर दुईदुई वटा कुना बनाइएको छ। यसले प्रारम्भिक एकतले मन्दिरलाई कालान्तरमा दुईतले बनाइएको अनुमान गर्न सकिन्छ। यद्यपी यसलाई पुष्टिक गर्ने लिखित समग्री भेटिएको छैन।

यसैगरी दिगु भैरव मन्दिरको दक्षिणतिर रहेको डबली नेसं ७०६ मा निर्माण गरिएको कुरा सोही डबलीको ईशान कुनामा स्थापित शिलालेखमा उल्लेख छ।

यस परिसर अन्तर्गतको दिगुबहाः (गुणकीर्ति महाविहार) मा राखिएको शिलालेख अनुसार नेसं ८०८ मा यस विहारको जिर्णोद्धार गरिएको कुरा उल्लेख छ भने यसै विहारमा रहेको ठूलो दीपंकरको हातमा लेखिएको नेसं ६४८ ले यसको प्रतिस्थापन र गुणकीर्ति महाविहारको निर्माण अझै अगाडि भएको देखाउँछ। यसै विहारमा रहेको नेसं ६९६ को एउटा ताम्रपत्रमा काठमाडौं असनको कोलंपु ल्हुलछेँ निवासी जिताज तुलाधर नामको दानपति व्यक्तिले यसै बिहारमा कान्तिपुरे राजा सदाशिव मल्लको उपस्थितिमा सम्यक भोजको आयोजना सम्पन्न गरेको उल्लेख छ।[1] यसले दिगुबहाःलाई अझ महत्वपूर्ण र ऐतिहासिक बनाएको छ।

**ख) सांस्कृतिक महत्व**

मध्यपुर थिमिको संस्कृतिमा दिगु भैरबको निकै ठूलो महत्व रहेको पाइन्छ। मध्यपुरथिमि बिस्काजात्रा चैत्र मसान्तको राति संचालन हुने चान्हसिया जात्राबाट प्रारम्भ हुन्छ। यो खतयात्रामा बालकुमारी प्रतिमालाई थिमि लायकूबाट बाजागाजा सहित खतमा राखेर क्वलाखुटोल पुऱ्याउने गरिन्छ। यस खतयात्रालाई स्थानीय बोलीचालीमा ***बालकुमारी क्वहाँ बिज्याकेगु*** भनिन्छ। यसक्रममा राति (हाराहारी २-३ बजेतिर) ***भैलःद्यः सालेगु*** (भैरब भित्र्याउने) भनेर तान्त्रिक विधिपूर्वक पूजाआजा गरेर दिगभैरबलाई ***लायकू*** भित्र्याउने गरिन्छ। यसको लागि दिगुभैरब मन्दिरमा गरिने उक्त पूजालाई सर्वसाधारणले समेत हेर्न नहुने मान्यता रहेको छ। यसपछि बल्ल ***चान्हसिया जात्रा*** प्रारम्भ हुन्छ। यसैगरी मध्यपुरथिमि बिस्काजात्राको मूलजात्रा मानिने वैशाख २ गतेको खतयात्रालाई क्वलाखुदेखि यसै मन्दिर परिसरसम्म परिक्रमा गराइन्छ।

यस मन्दिरको अर्को महत्व ***दिगुद्यः***को रुपमा रहेको छ।[2] थिमिको प्रारम्भिक चरणदेखि बसोबास गर्दै आएका खलकहरुले अथवा थिमिको पुरानो बासिन्दाहरुले दिगुलिस्थित यस मन्दिर र थ्यामद्यःलाई आफ्नो ***दिगुद्यः*** को रुपमा पूजा गर्ने गर्दछन्।

यो मन्दिर परिसर एउटा ऐतिहासिक प्रमुख सांस्कृतिक केन्द्र पनि हो। हरेक वर्ष भक्तपुरबाट आउने नवदूर्गाले ***खःतेलेगु*** (साधारणतः थिमि नगरको प्रमुख स्थानहरुमा नवदूर्गागणद्धारा खत स्थापना गरी पूजा गर्ने कार्यलाई ***खः तेलेगु*** भनेर बुझ्न सकिन्छ) गरिन्छ।

मध्यपुर थिमि नगरको बोदे र थिमिमा जिब्रो छेड्ने जात्रा प्रचलनमा रहेको छ। थिमिमा यन्यापुन्हिको दिन जिब्रो छेड्ने जात्रा संचालन हुन्छ भने बोदेमा बिस्काजात्राको अवसरमा यो जात्रा संचालन हुन्छ। थिमिमा संचालन हुने जिब्रो छेड्ने कार्य दिगु भैरव मन्दिर अघिल्तिरको दबली सम्पन्न हुन्छ। दिगू भैरबतिर फर्काएर जिब्रो छेड्ने कार्य सम्पन्न भएपछि यसै परिसरबाट नगर परिक्रमाको लागि प्रस्थान गर्दछ।।

**ग) कलात्मक महत्व**

---

[1] कायष्ठ, छत्र बहादुर (सं) - "थिमि दिगु बहालय् च्वंगु नेसं ६९६ या ताम्रपत्र : छगू अध्ययन"। नेपाल संस्कृति अंक.१३७ : नेसं ११२२, पृ ३९-४२।

[2] नेवार समाजमा दिगुपूजालाई निकै महत्वका लिइन्छ। विवाह व्रतबन्धमा कूलदेवताको पूजाआराधना गरिन्छ। थिमि क्षेत्रमा बसोबास गर्ने विभिन्न समुदाय वा खलकको ***दिगुद्यः*** फरकफरक रहेको पाइन्छ। यसक्रममा क्वलाखुस्थित क्वंचा भैरब, दिगुभैरब, थ्यामद्यः, लोकेश्वर मन्दिर पछाडिको चैत्यलाई ***दिगुद्यः***को रुपमा विभिन्न खलकले मान्दै आएको पाइन्छ भने यसबाहेकका खलकले थिमि नगरको पश्चिमतिरका चौर, बन आदि स्थानमा दिगूपूजा मनाउँदै आएको पाइन्छ। यसैगरी विभिन्न स्थानबाट बसाई सरेर आएका केहि खलकहरु भने उनै पुरानो स्थान मै गएर दिवाली मनाउने गरिएको पाइन्छ।

दुईतले प्यागोडा शैलीको यस मन्दिरको कलाकारिता सामान्य मन्दिरको भन्दा भिन्न देखिन्छ । एउटै मन्दिर भए पनि यसको बनावटले दुईवटा मन्दिरको समायोजनलाई स्पष्ट झल्काउँछ । मन्दिरको संरचना हेर्दा पूर्वाभिमुख दुईतले मन्दिरको दक्षिणी भित्तामा दक्षिणाभिमुख अर्को एकतले मन्दिरलाई टाँसेर बनाइएको देखिन्छ। सामान्यतः एउटा छानामा चारवटा कुना हुने भए पनि दुईवटा मन्दिरको समायोजन भएर हुनसक्छ मन्दिरको पहिलो छानामा छ वटा कुना रहेको छ । यस छानाको दक्षिणी मोहडा पितलले छाएको छ जसको बीच पारेर आकर्षक गजूर राखिएको छ । बाँकी तीन मोहडा भने झिंगतीले छाएको छ । मन्दिरको दोस्रो छानाको चारै मोहडा पितलले छाएको छ र छानाको बीच पारेर गजूर राखिएको छ। छानामुन्तिर चारै मोहडाको गारोमा कलात्मक छपाझ्याः राखिएको छ। मन्दिरलाई दुई तह चाकःमतःले घेरेको छ। पूर्वी मोहडाको दायाँतिर ढुंगाको कलात्मक खम्बामा दिव्यघण्टा झुण्ड्याइएको छ ।

मन्दिरको पूर्व र दक्षिण मोहडामा क्रमशः ***दिगुद्यः*** र भैरवको प्रतिस्थापन गरिएको छ। मन्दिरको पूर्वी मोहडाबाट ***दिगुद्यः***को दर्शन गर्न सकिन्छ भने दक्षिणी मोहडाबाट भैरवको दर्शन गर्न सकिन्छ । पूर्वतिरको ढोका प्रायशः बन्द रहन्छ र चाँडवाड एवम् पूजाआजाको समयमा मात्र खोलिन्छ । दक्षिणतिरको ढोका भने सदा खुल्ला रहन्छ । यसैगरी पूर्वी मोहडाको मन्दिरको तीनतिर गारो लगाइएको छ र दक्षिणी मोहडाको पछाडीको भागमा गारो लगाइएको छ भने तीनतिर खुल्ला छ ।